स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



२०८२ सालको हिट फिल्म 'जेरी अन टप' शुक्रबारदेखि भारतमा प्रदर्शनमा आएको छ। नेपालीभाषी बहुल र भारतको पूर्वोत्तर राज्य सिक्किममा प्रिमियर आयोजना गर्दै फिल्मको भारतव्यापी रिलिज थालिएको हो। सिक्किम प्रिमियरमा सहभागी हुन निर्माता सरोज न्यौपानेसहित कलाकार भुवन केसी र अनमोल केसी त्यहाँ पुगेका थिए। आयोजित रेडकार्पेट प्रिमियरमा उनीहरू आकर्षणका केन्द्र बने।

**आजको विचार...**



बसन्ती बोहरा

भविष्यका...
(दुई पेजमा)



अभिनेत्री तथा प्रतिनिधिसभा सदस्यकी उम्मेदवार निशा अधिकारीले सामाजिक सञ्जालमार्फत आफूमाथि भइरहेको चरित्र हत्या र दुर्व्यवहारप्रति कडा आक्रोश पोखेकी छन्। उम्मेदवारी दर्तासँगै आफूमाथि भइरहेका व्यक्तिगत आक्रमणको विरुद्धमा उनले 'अति गर्नु अत्याचार नगर्नु'भन्दै कडा चेतावनी पनि दिएकी छन्। फेसबुकमा एक पोस्ट गर्दै आफूलाई गाली गर्ने र अपमान गर्नेहरूको नाम नलुकाई सार्वजनिक गरेकी छिन्।

❐ वर्ष ३१ ❐ अंक २१६ ❐ २०८२ फागुन २१ गते बिहीबार 5 March 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# प्रतिनिधिसभा निर्वाचन : आज देशैभर मतदान हुँदै

## सवारी साधनमा रोक, आन्तरिक उडान भने हुने

**हाम्रा संवाददाता**

**पाल्पा,** फागुन २०/प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि आज देशैभर मतदान हुँदैछ । बिहान ७ बजेदेखि सुरु हुने मतदानका लागि मतदाताहरु आ-आफ्नो मतदानस्थल र केन्द्रमा जानेक्रम शुरु भइसकेको छ । बिहान सात बजेदेखि साँझ पाँच बजेसम्मका लागि मतदानको समय तोकिएको छ ।

निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो । त्यसैले आजको दिन उत्सव पनि हो । निर्वाचनको यो महोत्सवमा भाग लिएर आफ्ना योग्य जनप्रतिनिधि छान्न मतदातालाई अपिल गरिएको छ । निर्वाचनको लागि सम्पूर्ण तयारी सकिएको निर्वाचन आयोगले जनाएको छ । आयोगका अनुसार देशभरका २३ हजार १ सय १२ वटै मतदान केन्द्रमा कर्मचारी र सुरक्षाकर्मी खटिएका छन् । मतदान केन्द्रमा पुगेका मतदान अधिकृतहरुले सूचना टाँस गर्नेदेखि लिएर आवश्यक सबै प्रशासनिक तयारी बुधबार नै सकिसकेका छन् । मतदान गर्न जाँदा मतदाताले आृनो



मतदाता परिचयपत्र लिएर जानुपर्ने आयोगले भनेको छ । मतदाता परिचयपत्र नभएको खण्डमा नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, चालक अनुमतिपत्र वा जग्गाधनी पुर्जा लिएर मतदान केन्द्रमा जान सकिने आयोगले जनाएको छ ।आयोगले मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन सञ्चालनमा रोक लगाएको छ । एम्बुलेन्स, दमकल, शव वाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् दूरसञ्चार मर्मत, खानेपानी तथा ढल मर्मत, कूटनीतिक नियोगका सवारीसाधनहरू र निर्वाचनको दिनमा प्रयोग गर्ने गरी पास प्राप्त गरेका सवारीसाधन र प्रेस पास भएका सञ्चारकर्मीहरुले प्रयोग गर्ने सवारी मात्र सञ्चालन गर्न पाइने भएको छ । अन्य सार्वजनिक तथा निजी सवारी साधनहरू बुधबार मध्यराति १२ बजेदेखि आज साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाइएको आयोगले गरेको छ । आज आन्तरिक उडानहरू भने नियमित रूपमा सञ्चालन हुने छन् । नेपाल नागरिक उड्डयन प्राधिकरणले एक सूचना जारी गर्दै मतदानका दिन देशभर आवश्यकताअनुसार सबै प्रकारका आन्तरिक उडानहरू सञ्चालन हुने प्रष्ट पारेको छ । प्रतिनिधि सभा सदस्यका लागि प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिकका १ सय १० गरी जम्मा २ सय ७५ सदस्य चयनका लागि मतदान हुँदैछ । निर्वाचनका लागि देशभर १० हजार ९ सय ६७ मतदानस्थल र २३ हजार १ सय १२ मतदान केन्द्र कायम गरिएको छ । २०७९ को निर्वाचनका बेलाभन्दा यस पटक ७५ मतदानस्थल तथा ८ सय ८५ मतदान केन्द्र बढाइएको आयोगले जनाएको छ । त्यतिबेला १० हजार ८ सय ९२ मतदानस्थल र २२ हजार २ सय २७ मतदान केन्द्र कायम थियो । निर्वाचन सुरक्षा योजनाका साथ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा निर्वाचन प्रहरी फिल्डमा परिचालित भइसकेका छन् । सबै गरेर ३ लाख ३९ हजार सुरक्षाकर्मी खटिएका छन् । त्यस्तै, २ लाख २२ हजार कर्मचारी खटिएको आयोगले जनाएको छ । एक हजारभन्दा कम मतदाता भएका मतदान केन्द्रमा ८ जना, हजारभन्दा बढी मतदाता रहेका केन्द्रमा ९ जना कर्मचारी खटाइएको छ ।

### संक्षिप्त समाचार

## इरान युद्धसँगै भ्रामक सूचनाको बाढी

**(रासस/एएफपी)**

**वासिङ्टन,** फागुन २०/इरानमा अमेरिका-इजरायलले सुरु गरेको सैन्य आक्रमणसँगै डिजिटल संसारमा समानान्तर 'सूचना युद्ध' चर्किएको छ । पुन:प्रयोग गरिएका पुराना तस्बिर, भिडियो गेमका दृश्यलाई क्षेप्यास्त्र आक्रमणका रूपमा प्रस्तुत गरिएको सामग्री तथा कृत्रिम बौद्धिकता (एआई) बाट बनाइएका युद्ध दृश्यहरूले सामाजिक सञ्जाल भरिएको छ । विश्लेषकहरूका अनुसार जमिनमा भइरहेका घटनाभन्दा छिटो फैलिने यस्ता सामग्रीले कथानकको प्रतिस्पर्धालाई तीव्र बनाएको छ । सप्ताहन्तमा भएको अमेरिकी र इजरायली आक्रमणले क्षेत्रीय द्वन्द्वलाई विस्तार गरेपछि सामाजिक सञ्जालमा दुवै पक्षका समर्थकहरूले आ-आफ्नो दाबीलाई बलियो बनाउन असत्य र भ्रामक सामग्री व्यापक रूपमा फैलाएका छन् । एएफपीका तथ्य-जाँचकर्ताहरूले संयुक्त अरब इमिरेट्स (युएई) र साउदी अरेबियासहित इजरायल र खाडी मुलुकहरूमा तेहरानको क्षेप्यास्त्र प्रहारबाट ठूलो क्षति भएको दाबी गर्दै पुराना भिडियोहरू पुन:प्रयोग गरिएको पत्ता लगाएका छन् । यस्ता दाबीहरू इरान समर्थक खाताबाट प्रसारित भएका थिए । रणनीतिक संवाद संस्थान (आइएसडी) का मुस्तफा अयादले अनलाइन स्पष्ट रूपमा 'कथात्मक युद्ध' भइरहेको बताए ।

**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं।**

-प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ ।

-मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।

-निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।

-निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## निर्वाचन शान्तिपूर्ण बनाउन सीमानाकामा सुरक्षा कडाइ

**लुम्बिनी,** फागुन २०/बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनका लागि नेपाल-भारत सीमानाकामा सुरक्षा व्यवस्था कडा बनाइएको छ । सीमानाकामा सुरक्षाका लागि दुवै देशका सीमा क्षेत्रका अधिकारीबीच अनौपचारिक सीमा समन्वय बैठक सम्पन्न भएको छ ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेले भारत उत्तर प्रदेश राज्यको महाराजगञ्ज जिल्लाका समकक्षीसँग प्रतिनिधिसभा निर्वाचन २०८२ का सन्दर्भमा अनौपचारिक सीमा समन्वय बैठक बसेर सीमा क्षेत्रको अनुगमन गरी सुरक्षामा कडाइ गरिएको जानकारी दिए । दुवै देशका अधिकारीबीच भएको अनौपचारिक छलफल र सीमा क्षेत्रको



अनुगमनमा नेपालको तर्फबाट प्रजिअ पोखरेलसहित जिल्ला प्रहरी कार्यलय रुपन्देहीका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक जनकबहादुर शाही, सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी उपरीक्षक नवराज बोहरा र राष्ट्रिय अनुसन्धानका निर्देशक प्रकाश आचार्य सहभागी भएका थिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## निर्वाचन शान्तिपूर्ण र निष्पक्ष होस्

प्रतिक्षारत फागुन २१ को समय आजदेखि समाप्त हुँदैछ । आज देशैभर एकै साथ प्रतिनिधि सभा सदस्यको निर्वाचन हुन लागेको छ । यो निर्वाचन सामान्य परिस्थितिमा भएको होइन । भदौ २३ र २४ गते सम्पन्न जेनजी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमले मुलुकलाई एकाएक नयाँ निर्वाचनतर्फ धकेलेको हो । सुशासन, पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायी शासन प्रणालीको मागसहित उठेको जेनजी आन्दोलनले सत्ता र व्यवस्थाप्रति गम्भीर प्रश्न उठायो । त्यसकै परिणामस्वरूप अहिलेको संक्रमणकालीन अवस्था जन्मिएको हो । यही पृष्ठभूमिमा हुन गइरहेको निर्वाचन केवल सत्ता हस्तान्तरणको प्रक्रिया मात्र होइन, संघीय लोकतान्त्रिक गणतन्त्रलाई पुनः स्थायित्व दिने एउटा निर्णायक अवसर पनि हो ।

अर्कोतर्फ जनताले आफ्नो प्रतिनिधि चुन्ने अवसर पनि हो आजको निर्वाचन । जनताका प्रतिनिधि चुन्ने माध्यम निर्वाचन बाहेक अर्को छैन । पहिलो पटक मतदान गर्ने होस् वा पुरानै मतदाता सबैले इमानदार, क्षमतावान्, दूरदृष्टि भएको र सिर्जनशील नेतृत्व खोजिरहेका छन् । उनीहरू आफूले भोगिरहेका ठूला समस्याको समाधान गरिदिने, देशलाई विकास, सुशासन र समुन्नतितर्फ लैजान सक्ने प्रतिनिधि चुन्न चाहन्छन् । यस पटक मतदाताहरू साँच्चै देशलाई सबै हिसाबले माथि उकास्ने नेतृत्व चाहिरेका छन् । हामी सार्वभौम सत्ता भएको मुलुकका नागरिक हौं । मतदान हाम्रो सार्वभौम अधिकार हो ।

निर्वाचन आफ्नो इच्छा जाहेर गर्ने माध्यम हो । मतदानमार्फत नै हामी हाम्रा प्रतिनिधि छान्छौं । कस्तो कानुन तथा नीति निर्माण गर्ने प्रतिनिधि छान्ने हाम्रै हातमा छ । देशलाई कस्तो भविष्य दिने भन्ने हाम्रै मतले निर्धारण गर्छ । आजको दिन भविष्य निर्धारण गर्ने दिन पनि हो । त्यसैले सबैले शान्ति र भयरहित वातवरणमा मतदान गर्न पाउनुपर्छ । यो सबै मतदाताको मौलिक अधिकारको कुरा हो । विगतका केही निर्वाचनहरु धाँधली र त्रासको वातावरणमा भएका घटनाहरु पनि छन् । तर यस पटक त्यस्तो नहोस् । सबैले शान्त र ढुक्क भएर आफ्नो प्रतिनिधि चुन्न सक्ने वातावरण सिर्जना हुनुपर्दछ । निर्वाचन आयोग पनि यो विषयमा गम्भीर बनेको छ । यो आफैमा सकरात्मक छ । आयोगले बनाएका आचारसंहिता सबैले पालन गरौं । निर्वाचन स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण बनाउन निर्वाचनमा खटिएका निर्वाचन अधिकृतदेखि सबै कर्मचारीहरू इमानदार हुनुपर्छ । आस्थाको आधारमा कहींकतै भेदभाव गर्नुहुँदैन । राजनीतिक दल, निर्वाचनमा खटाइएका कार्यकर्ता, स्वयम्सेवकहरूले पनि आ–आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गरौं । यसो गर्न सकियो भने निर्वाचन शान्त र स्वच्छ बन्न सक्छ ।

### Opinion @ Social Network

बित्दै गरेको समय, झर्दै गरेको पात र
बदलिदै गएको मान्छेले धेरै कुरा सिकाउदो रहेछ जिन्दगीमा ।
*(सागर ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भविष्यका लागि विवेकपूर्ण मतदान: नीति र नियतको परीक्षा



## बसन्ती बोहरा

*राजनीतिक परिदृश्यमा पुस्तान्तरण र विचारान्तरणको बहस तीव्र छ । पुराना स्थापित दलहरूको एकाधिकारलाई नयाँ शक्तिहरू र स्वतन्त्र उम्मेदवारहरूले चुनौती दिइरहेका छन् । जनतामा निराशा र अपेक्षा दुवै एकसाथ देखिन्छन् । बारम्बार फेरिने सरकार, सत्ता समीकरणका खेल, दीर्घकालीन नीतिको अभाव र अल्पकालीन राजनीतिक फाइदाका लागि गरिने सम्झौताले विकास योजनाहरूलाई प्रभावित गरेको छ ।*

राजनीति र सुशासन एउटै सिक्काका दुई पाटा हुन् भन्ने कुरा सैद्धान्तिक रूपमा जति सहज सुनिन्छ, व्यवहारमा त्यति नै जटिल देखिन्छ। राजनीतिले राज्य सञ्चालनको दिशा निर्धारण गर्छ, नीतिहरू बनाउँछ, प्राथमिकताहरू तय गर्छ र भविष्यको मार्गचित्र कोर्छ । सुशासनले तिनै नीतिहरूलाई न्यायपूर्ण, पारदर्शी, जवाफदेही र प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने दायित्व वहन गर्छ । जब राजनीति स्वार्थ, सत्ताकेन्द्रित सोच र अल्पकालीन लाभमा सीमित हुन्छ, तब सुशासन कमजोर बन्छ । राजनीति दूरदर्शी, नैतिक र जनमुखी हुँदा सुशासन स्वाभाविक रूपमा सुदृढ हुन्छ। नेपालको अनुभवले यही द्वन्द्वलाई उजागर गरेको छ । सामान्यत: नेपालको आधुनिक राजनीतिक यात्रा वि.सं. २००७ सालको प्रजातन्त्र स्थापनाबाट सुरु भएको मानिन्छ। त्यसयता देशले राणा शासनको अन्त्य, पञ्चायती व्यवस्था, बहुदलीय प्रजातन्त्र, जनआन्दोलन, सशस्त्र द्वन्द्व र अन्तत: ०७२ सालमा जारी भएको 'नेपालको संविधान' मार्फत सैंघीय लोकतान्त्रिक गणतन्त्रसम्मको चरण पार गरिसकेको छ । व्यवस्थागत रूपमा हेर्दा नेपालले धेरै ठूलो फड्को मारेको देखिन्छ । तर प्रश्न उठ्छ– के यी र यस्ता व्यवस्थागत परिवर्तनहरूले आम नागरिकको दैनिकीमा गुणात्मक सुधार ल्याए? के सुशासनको बलियो जग बस्यो? दुर्भाग्यवश, उत्तर सधैँ सकारात्मक देखिँदैन । नेपालको राजनीति प्राय: आन्दोलन र सम्झौताबिच घुमिरह्यो। राणा शासनको अन्त्यसँगै प्रजातन्त्र आयो तर संस्थागत स्थायित्व कायम हुन सकेन । पञ्चायती व्यवस्थाले राजनीतिक दलहरूलाई प्रतिबन्धित गऱ्यो, साथै विकास र स्थायित्वको नाममा केन्द्रीकृत शक्तिको अभ्यास गरियो। ०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्था पुन:स्थापित भयो । यद्यपि, राजनीतिक अस्थिरता र सत्ता सैंर्षले शासन प्रणालीलाई बलियो बनाउन सकेन । त्यसपछिको दशक लामो सशस्त्र द्वन्द्वले राज्य संरचना नै हल्लाइदियो। अन्तत: संविधानसभामार्फत नयाँ संविधान बनेसँगै देश सैंघीय संरचनामा प्रवेश गऱ्यो। राजनीतिक रूपमा परिवर्तनको यो लामो यात्रा गर्व गर्नलायक भए पनि संस्थागत सुशासनको विकास भने अपेक्षाकृत कमजोर नै रह्यो । अहिले नेपाल सैंघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासको दोस्रो चरणमा छ । राजनीतिक परिदृश्यमा पुस्तान्तरण र विचारान्तरणको बहस तीव्र छ । पुराना स्थापित दलहरूको एकाधिकारलाई नयाँ शक्तिहरू र स्वतन्त्र उम्मेदवारहरूले चुनौती दिइरहेका छन् । जनतामा निराशा र अपेक्षा दुवै एकसाथ देखिन्छन् । उनीहरू भाषणभन्दा परिणाम खोजिरहेका छन् । बारम्बार फेरिने सरकार, सत्ता समीकरणका खेल, दीर्घकालीन नीतिको अभाव र अल्पकालीन राजनीतिक फाइदाका लागि गरिने सम्झौताले विकास योजनाहरूलाई प्रभावित गरेको छ । राजनीतिक अस्थिरताले प्रशासनिक संयन्त्रमा पनि असमञ्जस र अनिश्चितता बढाएको छ । सुशासनका आधारभूत स्तम्भ चारवटा मानिन्छन् विधिको शासन, पारदर्शिता, जवाफदेहिता र जनसहभागिता। नेपालको संविधानले सुशासनलाई राज्य सञ्चालनको मार्गदर्शक सिद्धान्तका रूपमा स्वीकार गरेको छ । संविधानको धारा ५१ (ख) मा सुशासनलाई राज्यको प्रमुख नीतिमा समावेश गरिएको छ ।

तर, कानुनी प्रावधान र व्यवहारबिच ठूलो अन्तर देखिन्छ । विधिको शासन कमजोर हुँदा कानुन सबैका लागि समान रूपमा लागू हुँदैन । 'सानालाई ऐन र ठूलालाई चैन' भन्ने उखान केवल व्यङ्ग्य मात्र होइन, यथार्थजस्तै लाग्ने अवस्था बनेको छ। राजनीतिक पहुँचका आधारमा मुद्दा फिर्ता लिने, अपराधीलाई आममाफी दिने वा अनुसन्धान प्रभावित गर्ने प्रवृत्तिले न्यायप्रणालीमाथि जनविश्वास घटाएको छ । पारदर्शिताको अभाव अर्को गम्भीर समस्या हो । सरकारी निर्णयहरू अझै पनि बन्द कोठाभित्र सीमित हुने गरेका छन् । ठूला आयोजना, बजेट विनियोजन, नीतिगत निर्णय र ठेक्कापट्टामा हुने अपारदर्शिताले भ्रष्टाचारको सम्भावना बढाएको छ । सूचना प्रविधिको युगमा पनि सूचनामा सहज पहुँच नहुनु विडम्बनापूर्ण छ । सार्वजनिक खरिद प्रक्रिया, परियोजना छनोट र स्रोतको बाँडफाँटमा पारदर्शिता नहुँदा जनताको करबाट सङ्कलित रकम प्रभावकारी रूपमा प्रयोग भएको छ कि छैन भन्ने प्रश्न उठ्छ । जवाफदेहिताको पक्ष झन् कमजोर देखिन्छ । राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा गल्ती गरे पनि दण्डित नहुने मानसिकता विकास भएको छ। छानबिन समिति गठन गरिन्छ, प्रतिवेदन आउँछ, तर त्यसको कार्यान्वयन हुँदैन । जनताका गुनासा सुन्ने संयन्त्र भए पनि तिनको प्रभावकारिता न्यून छ । सेवा प्रवाहमा ढिलासुस्ती, झन्झटिलो प्रक्रिया र अनावश्यक कागजी कारबाहीले नागरिकलाई निराश बनाएको छ । सामान्य कामका लागि पनि बिचौलियाको सहारा लिनुपर्ने अवस्था सुशासनको विफलताको सङ्केत हो । नेपालमा सुशासन कमजोर हुनुको मुख्य कारण भ्रष्टाचारको संस्थागत रूप हो । भ्रष्टाचार अब व्यक्तिगत कमजोरी मात्र होइन, प्रणालीगत समस्या बनेको छ । अन्तर्राष्ट्रिय सूचकाङ्कहरूमा नेपालको अवस्था मध्यमभन्दा कमजोर श्रेणीमा पर्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको' भ्रष्टाचार अवधारणा सूचकाङ्क' मा नेपालको अवस्था सन्तोषजनक छैन। यस्तो अवस्था केवल अङ्कमा सीमित हुँदैन, यसले लगानी, विकास, सार्वजनिक सेवा र अन्तर्राष्ट्रिय छविमा असर पार्छ । नीतिगत भ्रष्टाचार विशेष रूपमा चिन्ताजनक छ । मन्त्रिपरिषद्को निर्णयमार्फत कानुनी कारबाहीबाट बच्ने प्रवृत्ति, ठूला आयोजना र जग्गा प्रकरणमा अनियमितता, कर मिनाहाजस्ता निर्णयहरूले राज्यकोषमा ठूलो क्षति पुऱ्याएको आरोप लाग्दै आएको छ । राजनीतिक संरक्षण र प्रशासनिक साँठगाँठले निष्पक्ष छानबिनमा बाधा पुऱ्याएको छ । नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण र सुन तस्करी काण्डजस्ता घटनाले राज्य संयन्त्रको कमजोरी उजागर गरेका छन्। यस्ता घटनाले नागरिकमा गहिरो अविश्वास पैदा गर्छन् । सैायता नेपालको राजनीतिक रूपान्तरणको एउटा महत्त्वपूर्ण उपलब्धि हो। ७ सय ५३ स्थानीय सरकार जनताका सबैभन्दा नजिकका संरचना हुन्। स्थानीय तहले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार र सामाजिक सुरक्षाका क्षेत्रमा केही सकारात्मक काम गरेका उदाहरणहरू पनि छन् । कतिपय पालिकाले नवप्रवर्तनात्मक अभ्यासमार्फत सेवा प्रवाहमा सुधार गरेका छन्। स्थानीय स्तरमा निर्णय क्षमता बढ्नु लोकतान्त्रिक अभ्यासका लागि सकारात्मक पक्ष हो । तर, सैायताको कार्यान्वयनमा पनि चुनौती कम भने छैनन् । केही स्थानीय तहमा डोजरे विकास, उपभोक्ता समितिमार्फत हुने अनियमितता र कर्मचारी-जनप्रतिनिधिबिचको भागबन्डाले सैायताको मर्ममाथि प्रश्न उठाएको छ । प्रदेश सरकारको औचित्यमाथि पनि बहस भइरहेको छ । विशेष गरी बढ्दो प्रशासनिक खर्च र सीमित उपलब्धिका कारण त्यस्ता प्रश्नहरू उठ्ने गरेका छन्। संरचना मात्र परिवर्तन भएर सुशासन स्वत: स्थापित हुँदैन भन्ने कुरा यहाँ स्पष्ट हुन्छ। क्षमता विकास, पारदर्शिता र निगरानी संयन्त्र सुदृढ नगरी सैायताको लक्ष्य प्राप्त हुन सक्दैन । सुधारका लागि विविध बहुआयामिक प्रयास आवश्यक छन् । निर्वाचन प्रणालीमा सुधार गरी दलभित्र लोकतन्त्र सुदृढ गर्नुपर्छ । उम्मेदवार छनोट प्रक्रिया पारदर्शी र क्षमता (मेरिट) मा आधारित हुनुपर्छ। संवैधानिक निकायहरूको निष्पक्षता सुनिश्चित गर्नु अत्यावश्यक छ । अख्तियार, निर्वाचन आयोग र महालेखा परीक्षकजस्ता निकायहरू राजनीतिक प्रभावबाट मुक्त हुनुपर्छ। डिजिटल प्रविधिको प्रभावकारी प्रयोगले पारदर्शिता र सेवा प्रवाहमा सुधार ल्याउन सक्छ। ई-गभर्नेन्स, अनलाइन सेवा र खुला डाटा प्रणालीले भ्रष्टाचार घटाउन सहयोग पुऱ्याउन सक्छ । कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेपको अन्त्य अर्को महत्त्वपूर्ण कदम हो । स्थायी सरकारको रूपमा चिनिने प्रशासनिक संयन्त्र व्यावसायिक, दक्ष र निष्पक्ष हुनुपर्छ । सरुवा, बढुवा र नियुक्तिमा पारदर्शी मापदण्ड अपनाइनुपर्छ । शिक्षा प्रणालीमार्फत नागरिक चेतना विकास गर्नु दीर्घकालीन समाधान हो । सचेत, विवेकी र सक्रिय नागरिक नै सुशासनका सच्चा संरक्षक हुन् । 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' जस्ता अवधारणामाथि पनि गम्भीर बहस हुन सक्छ, ताकि जनप्रतिनिधिहरू थप जवाफदेही बनून् । अन्तत: राजनीति मूल्य र नैतिकतासँग जोडिएको विषय हो । सुशासन केवल कानुनी व्यवस्था वा प्रशासनिक दक्षताले मात्र सम्भव हुँदैन, यसका लागि नैतिक नेतृत्व आवश्यक हुन्छ । जबसम्म राजनीतिमा नैतिकता, पारदर्शिता र दीर्घकालीन सोच विकास हुँदैन, 'समृद्ध नेपाल, सुखी नेपाली' जस्ता नारा व्यवहारमा रूपान्तरण हुन सक्दैनन् । व्यवस्था परिवर्तन महत्त्वपूर्ण हो, तर त्यससँगै पात्र र प्रवृत्ति परिवर्तन अपरिहार्य छ । नेपाल अहिले ऐतिहासिक दोबाटोमा उभिएको छ। एकातिर पुरानै शैलीको सत्ताकेन्द्रित राजनीति छ भने अर्कोतिर सुधार र जवाफदेहिताको माग गर्दै उठेको नागरिक चेतना छ । यदि राजनीति स्वच्छ, पारदर्शी र जनउत्तरदायी बन्न सकेन भने लोकतन्त्रको सार कमजोर हुनेछ। तर, यदि नेतृत्वले आत्मसमीक्षा गर्दै सुधारको बाटो रोज्यो भने सुशासन सम्भव छ । नागरिकले पनि मतदान गर्दा केवल भावनामा होइन, तथ्य र कार्यसम्पादनका आधारमा निर्णय गर्नुपर्छ । राजनीति नीति सुधार्ने कला हो भने सुशासन त्यसको व्यावहारिक परिणाम हो। नीति र स्थिति दुवै सुधार्न सकिए मात्र लोकतन्त्रको वास्तविक अनुभूति हुनेछ । नेपालले धेरै आन्दोलन र परिवर्तन देखिसकेको छ, अब स्थायित्व, नैतिक नेतृत्व र प्रभावकारी कार्यान्वयनको आवश्यकता छ । तब मात्र परिवर्तनका वाचाहरू व्यवहारमा रूपान्तरण हुनेछन् र सुशासन मृगतृष्णा नभई यथार्थ बन्नेछ ।***-अनलइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कला र गलाको प्रभाव बढ्नेछ । | **तुला** : व्यापार व्यवसायमा रुची बढ्ने देखिन्छ । उपहार पाइने सम्भावना छ । |
| **वृष** : समाजसेवामा मन लाग्नेछ । उपकार गरेर अरुको मन जित्न सकिनेछ । | **वृश्चिक** : मंगल कार्यको योग छ । चिताएको कामले तीव्रता लिनेछ । |
| **मिथुन** : मनमा चञ्चलता बढ्नेछ, तर साँझमा शुभ समाचार सुन्नमा आउला । | **धनु** : आय आर्जनका क्षेत्रमा सुधार आउनेछ । बौद्धिकताको विकास हुनेछ । |
| **कर्कट** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । मान प्रतिष्ठामा वृद्धि होला । | **मकर** : अचल सम्पत्ती हात पर्न सक्छ । धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । मंगल कार्यको योग छ । | **कुम्भ** : व्यर्थको यात्रामा जान बाध्य भइएला । मन खिन्न हुने स्थिति आउनेछ । |
| **कन्या** : कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत पनि बढ्ला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |




निबन्ध — डा. नवराज सुब्बा

# ज्ञान, विज्ञान र विवेकको त्रिवेणी जीवन

उहिले विद्यालय पढ्दा कक्षाकोठामा धन ठूलो कि विद्या ठूलो? कलम ठूलो कि तरवार ठूलो? गाउँले जीवन राम्रो कि शहरी जीवन राम्रो? भनेर हामी वादविवाद गर्दथ्यौं । हामीले पक्ष र विपक्षबारे अध्ययन र विश्लेषण गरेर पक्ष र विपक्षमा राख्ने तर्कहरू मनमनै तयार पार्दथ्यौं । यी दुई पक्ष र विपक्षमा कुनमा बोल्ने हो त्यसको निर्धारण प्रतियोगिताकै बेला गुरूको सामु गएर गोलाप्रथाद्वारा पक्ष वा विपक्षको निर्धारण तत्काल हुने गर्दथ्यो । हेर्दा सरल लाग्ने वादविवाद प्रतियोगिताको यो अभ्यासले भावी जीवनमा आइपर्ने जुनसुकै चुनौती स्वीकार गर्न मानसिक रूपमा तयार पारेको, जीवन जिउने कला सिकाएको, जीवनलाई हेर्ने दृष्टिकोण र मार्गको प्रारम्भिक दर्शन गराएको थियो । यस क्रियाकलापमा विभिन्न सन्देशहरू अन्तर्निहित थिए, जस्तै- तिमी कुनै पक्ष र विपक्षको कुरा सुन, जान, मनमा गुन अर्थात् दुवै पक्षको राम्ररी अध्ययन र विश्लेषण गर । जीवन र जगतका विषयवस्तुलाई दुवैतर्फबाट नियालेर हेर । दुवैका राम्रा र नराम्रा पक्ष केलाऊ तर पूर्वाग्राही नबन इत्यादि । जीवनको अन्तिम चरण अर्थात् मर्ने बेलामा कतिपय साहित्यकारहरू विज्ञानको महत्व अवमूल्यन गर्दै अभिव्यक्त भएका छन् । कोही अनायास आफू ज्ञानको पक्षपाति हुन गएको घोषणा गर्ने गर्दछन् । विज्ञानले दिएको उपहार कलम, कागज वा मोबाइल, ल्यापटपसित जीवनभर सिर्जनामा रम्दै मर्ने बेलामा उल्टै विज्ञानकै खोइरो खनेको देख्दा मलाई उदेक लाग्दछ । म यसलाई पूर्वाग्रही सोंच ठान्दछु । यो बुझाइमा परेको एकाङ्गीपन वा फरकपन हो । यसरी विज्ञानलाई चोर औंलाले कमी देखाउँदा बाँकी चार औंलाले हामीलाई हाम्रो अज्ञानतातिर संकेत गर्ने गर्दछ । हुन त यो पङ्तिकार साहित्यकारहरूलाई उपदेश दिने कुनै सफल साहित्यकार होइन । एउटा पाठक तथा एक सामान्य लेखकको रूपमा समकालीन नेपाली साहित्यमा रहेको जनधारणाप्रति गरिएको यो एक विश्लेषण र प्रतिक्रिया मात्र हो ।

ज्ञान, विज्ञान र विवेकलाई हेर्ने मेरो व्यक्तिगत अवधारणा हो । शब्द व्युत्पत्तिलाई नै पहिले नियालौं । वि+ज्ञान विज्ञान । ज्ञानमा 'वि' उपसर्ग लागेर विज्ञान बनेको छ । यसले विज्ञान र ज्ञान आपसमा सम्बन्धित छन् भन्ने देखाउँछ । सोचिए जस्तो वि+देश विदेश जस्तो यिनीहरू विपरार्थी शब्द होइनन् । वि+नियम विनियम जस्तै एकअर्काका परिपूरक हुन् । समष्टिमा ज्ञान भनेको गन्तव्यको अन्त हो भने त्यहाँ पुगिने माध्यम नै विज्ञान हो । यसैले विज्ञान भनेको विधि वा तरिका हो भने त्यसको सहयोगले प्राप्त अद्यावधिक निष्कर्ष नै ज्ञान हो । यसैले विज्ञानले ज्ञानलाई परीक्षण गरेर परिमार्जित ज्ञानको निष्कर्षमा पुऱ्याउँछ । कतिपय साहित्यकारहरूले विज्ञानबारे आधारभूत मूल्य र मान्यताको जानकारी नहुन सक्छ । पाश्चात्य वाङ्मयमा आधुनिक कालको आरम्भमा विज्ञानलाई अधुरो र अपूरो भनेर काव्यिक प्रलाप प्रकट भए । प्रथम र दोस्रो विश्वयुद्ध तथा नागासाकी र हिरोसिमामा भएको बमविस्फोटले गरेको नरसंहारपश्चात विज्ञानलाई गाली गरियो । जसको प्रभाव नेपाली वाङ्मयमा पनि परेको छ । ज्ञान मर्दछ हाँसेर रोइ मर्दछ विज्ञान भन्ने उक्तिले साहित्यमा निर्धक्क प्रवेश पाए पछि परिवेष, परिणाम र पात्रको तालमेल मिलाएर गरिएका साहित्यिक सम्प्रेषणले पाठकमा यसले गहिरो प्रभाव जमायो । तर्कशास्त्रको कशीमा यथेष्ट मात्रामा नघोटिकन पाठकले सहज पत्याइ दिएर होमा हो बोलीमा लोली मिलाउँदा आम जनमानसमा यसले साँच्चै एकप्रकारको भ्रम पारेको छ कि भन्ने मेरो ठहर छ । त्यसो भए हाम्रा धर्मग्रन्थ र पुराणहरूमा वर्णित ब्रम्हास्त्र आदि शस्त्रहरूको उपस्थितिलाई के भन्ने? यिनीहरूले युद्धमा गरेको नरसंहारलाई अभिशाप भन्ने कि नभन्ने ? ती युद्धहरूमा पनि ज्ञान र शस्त्र वा विज्ञान दुवैको प्रयोग भएको छ । शस्त्र आफै प्रकट नभएर विजय हासिल गर्ने ज्ञानको उदयपश्चात मात्र युद्धमा अस्त्रशस्त्रको ताण्डव नृत्य मञ्चित भएका छन् । विश्वमा आज जातीय भेदभावको ज्ञान र चेतना फैलाएर तनाव, द्वन्द्व र नरसंहार सम्मको स्थिति उत्पन्न भएका छन् । मानिस शिक्षित र सचेत भएपछि स्वतन्त्रता खोज्छ त्यसपछि ऊ आन्दोलन, विद्रोह र द्वन्द्व अनि नरसंहारसम्मको स्थिति ल्याउन समेत तम्सन्छ । के उसो भए यसलाई पनि ज्ञानको अभिशाप मानेर भोलिदेखि ज्ञानको मूल्यलाई अवमूल्यन गर्ने? यसमा सहमत हुने ठाउँ छैन । बरू, ज्ञान र विज्ञानको बीचमा विवेक घुसाएको खण्डमा समस्या समाधान हुन सक्दछ । ज्ञानले ज्ञानसम्मत निष्कर्ष निकालेको अर्थात् विज्ञानले विज्ञानसम्मत निष्कर्ष निकालेको तर विवेकसम्मत निष्कर्ष निकाल्न नसक्दा ज्ञान वा विज्ञान असफल हुने अवस्था आउँछन् । तर अल्पज्ञानको आधारमा हुन गएको विज्ञानको प्रयोगबाट उत्पन्न दुष्परिणामलाई केवल विज्ञानको मात्र दोष देख्नु पक्कै न्यायोचित हुदैन । विज्ञानिक साधनलाई आज मानिसले सेवक बनाएर काममा लगाएका छन् । कलकारखाना चल्ने रोबोटले औद्योगिक उत्पादन र निजी कम्प्युटरले मानिसको क्षमता, उत्पादकत्व र गुणस्तरमा अभूतपूर्व उन्नति गरिदिएको छ ।


विज्ञानले आविष्कार गरेर विकास गरेको हवाइजहाज, मोटर, रेल चढेर मानिस सजिलै देशविदेश घुमफिर गर्ने गरेका छन् । यसरी विज्ञानले मानप जीवन र जगतलाई सहज बनाएको छ । यसो भन्दैमा वैज्ञानिक उन्नतिको फलस्वरूप मानिस अल्छि भएकाले नसर्ने रोग लाग्यो भनेर त्यो दोष पनि विज्ञानलाई नै दिनु पनि तर्कसम्मत हुँदैन हुँदैन । बीसजना मानिसले गर्ने काम एउटै मेशीनले गरिदियो भनेर मजदुरी खोसियो भन्दै विज्ञानलाई सराप्नु मिल्ला र ? अवश्य मिल्दैन । हो हतियारले मालिक चिन्दैन । गाडिले पनि मालिक चिन्दैन । त्यसो भन्दैमा मेसिन वा गाडि चलाउन जानेन भने त्यो आफैलाई घातक हुन सक्छ । चलाउन नजानेर हुने ज्यानको नोक्सानीको दोष पनि त्यो हतियार वा गाडिलाई वा विज्ञानलाई नै दिनु पनि पूर्वाग्रही सोचकै परिणाम हो । विज्ञान अपूर्ण छ भनेर तर्क गरिन्छ । यो अवश्य सत्य कुरो हो । किनभने विज्ञानले कुनै पनि सत्यलाई तथ्यसम्मत ढंगले प्रमाणित गर्नु पर्दछ । यो विज्ञानको विशिष्ठता हो, सीमा वा कमी हो । यस अर्थमा विज्ञान अधूरो छ वा अपूर्ण नै छ । यसैले विज्ञानले ज्ञान जस्तो अन्तिम सत्य हुँ भनेर आफू घमण्ड गर्दैन । बरू ज्ञान आफू अन्तिम सत्य हुँ भनेर घमण्ड गर्न पछि नपर्ला । संसारका वैज्ञानिकहरू कुनै पनि सत्यउपर तथ्यपरक ढंगले निष्कर्षमा पुगेपछि सवाल कालो सेतोमा छुट्टिन्छ, र विश्वव्यापी तथ्यको रूपमा स्वीकार्य हुन्छ । विज्ञानले पानीमा हाइड्रोजनको दुइटा र अक्सिजनको एउटा परमाणु मिलेर पानीको एउटा अणु बन्दछ भनेर जब भन्दछ, मेरो देशमा परमाणुको संख्या अलि फरक पर्छ भनेर कुनै वैज्ञानिकले विवाद गर्दैन । किनभने यसले परीक्षण र तर्कको लामो चरण पूरा गरिसकेको छ । तर नेपालको एउटा ज्ञानीको ज्ञान अर्को जात, धर्म वा भूगोलका मानिसलाई कदापि जच्दैन । किनभने ज्ञान तथ्यपरक नहुन पनि सक्छन् । ज्ञानलाई ज्ञानीहरूले जडशुत्र बनाएर पेवा बनाउन पनि खोज्छन् । तर विज्ञान खुल्ला सत्य हो सर्वत्र तथ्य हो । हो, सबै सत्यलाई विज्ञानजस्तो तथ्यले प्रमाणित गर्न असम्भव छ, भन्ने सुविधाको आडह्मा सबै ज्ञान सबैलाई जच्दैनन् भन्ने कुरा ज्ञानीहरू स्वयम्ले बुझ्नु पर्दछ । म ठूलो, तँ सानो भन्ने भावना त्याग्नु पनि जरूरी छ । अर्थात् ज्ञान ठूलो, विज्ञान सानो अर्थात् विज्ञान ठूलो, ज्ञान सानो भन्ने पूर्वाग्रहबाट मुक्त सोंचको खाँचो छ । ज्ञान वा विज्ञान मध्ये कुनै एक सानो वा अर्को ठूलो अवस्य होइन । साहित्यकारहरूले जीवनभर त्यही विज्ञानको सुखसुविधा लिएर मर्ने बेलामा विज्ञानप्रति कृतघ्नता जनाउनु पटक्कै शोभनीय देखिदैन । औषधी गर्दा निको भएन भनेर निराश भएपछि हिजो विज्ञानले गरेका सबै गुनलाई विर्सेर त्यही विज्ञान अधूरो रहेछ भनेर सत्तोसराप गर्नु भन्दा पनि हरेकको आफ्नो सीमा हुन्छ भनेर बुझ्नु पर्दछ । मानिस जन्मेपछि मर्दछ यो ज्ञानले पनि भन्छ विज्ञानले पनि त्यही भन्छ । एलोपैथी चिकित्सा प्रणालीले निको नभए आयुर्वेद वा अन्य प्रणालीमा जान सकिन्छ । एलोपैथी लगायत अन्य प्रणाली पनि विज्ञानकै देन हुन् । उपचारले रोग निको पार्छ तर एकदिन हुने मृत्युलाई कसैले निको पार्न सक्दैन । त्यत्रो चमत्कार गर्ने विज्ञानले खै मानिसलाई अजम्बरी बनाउन सकेन तङ्क भन्ने व्यङ्योक्ति शैलीमा विज्ञानको अवमूल्यन गर्न खोज्नु निराशाभाव वा कृतघ्न शैली हो । निराशावादी निष्कर्षमा पुगेपछि साहित्यकारले सोच्नुपर्छ मैले दिने कुरा अब सकिएछ । जीवन केही होइन रहेछ, सत्य कहीं छैन रहेछ जस्ता नकारात्मक सोंच वा शून्य वा हीन धारणाको विकास व्यक्तिको मानसिक स्वास्थ्यसित गाँसिन्छ । जसरी शरीरलाई अन्त्य गर्ने रोगको उत्पत्ति पनि शरीर भित्रै हुन्छ त्यसरी नै समाज बिगार्ने तत्व वा मानिसको जन्म पनि समाजमा नै हुन्छ । समाजले नै जन्माएको र सदा सम्मान दिएको साहित्यकारवर्गले सदा यही समाज र सामाजिक प्रणाली सफल होस् भनेर भरसक सर्वजनहिताय नभए बहुजनहिताय कर्म र सिर्जना गरि सकारात्मक सन्देश प्रवाह गर्नु पर्दछ न कि जीवनदेखि पलायन हुने निकासतर्फ उन्मुख व्यक्तिवाद वा स्वार्थवादको पक्षपोषण । यसैले अनन्त ज्ञान, सटिक विज्ञान र आशावादी सोंचलाई सदा विवेकको करेलीले हाँके मात्र मानवजातिको अस्तित्व अनन्तकालसम्म सम्भव छ ।

*-समकालीन साहित्य डटकम*

कथा — अमृता बुढाथोकी

# भैरहवामा दुई घण्टा

*माया त गरैं तर अधिकार छैन*
*अथाह प्रेम छ फेरि पहिचान छैन*
*कठोर भएर बिर्सन खोज्छु*
*निर्लज्ज मन सताइहाल्छ*
*कुहिरो भित्र जिन्दगी छ*
*पापी मन तैपनि*
*पटक पटक नङ्ग्याइहाल्छ ।*




भैरहवा अस्पताल रोडको एउटा सानो होटल । सडकमा हावाको वेगलाई भेट्न कुदेका गाडीको आवाज । मानौं ती गाडी गन्तव्य भेटाउन आतुर छन् । सडक किनारमा देखिने झ्याम्म झुम्म परेको बिरुवामा बझिए स्पर्श गर्दै बहेको हावाको झोंकालाई हेरेर हराइरहेको थिएँ । भित्रबाट आवाज आयो, "यो लत के हो ! घातक कि अविष्मरणीय ? स्कुल पोसाक लगाएकी पहाडी मुलकी करिब १६-१७ वर्षीया किशोरीले चुरोटको सर्को लिँदै भनी । उसले थपी, "मायाको लत पनि त्यस्तै केही पाउने आशामा निर्लज्ज सबै फुकाइहाल्छ । पाउनलाई मात्र गरिने मायाले अहिले जञ्जिरमा जेलिएको छु ।" उसको छेवैमा रहेकी उसकै उमेर समूहकी अर्की केटीले झोला भित्तामा बजार्दै भनी, "धत् तँ त लक्की रैछस्, कोनसा तँ लिख पढकर जब गर्ने वाला थिस्, तेरो वो गोरखपुर सो आ चुका सुनौली !" उसको झोलाबाट सामाजिक अध्ययन तथा जीवन उपयोगी शिक्षा कक्षा-११ (नेपाली संस्करण) लेखिएको पुस्तक भित्तामा बजारियो । ऊ झट्ट हेर्दा तराईमुलकी ठिटी जस्ती देखिन्थी । उनीहरूले लिएको चुरोटको धुवाँले उनीहरू बसेको भित्ताबाटै विद्रोह गर्दै बाहिर बसेका मानिसलाई समेत तर्साइरहेको आभास हुन्थ्यो । धुवाँको मुस्लोले सडकलाई रगमगाइरहेको थियो एकतमासले । फुङ्ग उडेको केश । हतास जस्तो देखिने अनुहार । मध्य किशोरावस्थाकी त्यो ठिटीले होटलको र्याकबाट गोल्डेन वाक लेखिएको रक्सीको बोतल निकालेर ठाडो घाँटी लगाएर रित्याई । अर्कीले भन्दै थिई, "पुरै नतोड्न, कुछ बुँद मेरो लागि पनि जोगा । नत्र अर्को लिदे !" ऊ भन्दै थिई, "बाध्यताका जञ्जिरमा जेलिएको धेरै भयो । उसको पासमा बिवी छे । तोडेर परिवारलाई खण्डित बनाउँ त भन्न सक्दिनँ । तर यो वेलगाम दिल उसैमा बस्यो क्यारुम् त नि म !" ती युवतीले एक एक बोतल रक्सी रित्याए । चुरोट र रक्सीले लठ्ठिएका ती ठिटी अनुहार रातो पार्दै भित्ताको टेवलमा गएर बसे । छेवैको टेवलमा बसेका थिए एक जोडी ठिटी । झट्ट हेर्दा उनीहरू १३-१४ वर्षका जस्ता मात्र देखिन्थे । उनीहरूले लिएको चुरोटको धुवाँमा नमिठो गन्ध आउँथ्यो । छेउमा बस्नेहरू लहरे खोकी लागेझैं खोकिरहन्थे । उनीहरूको गतिविधि झट्ट परबाट हेर्दा लाग्थ्यो ती कसैको व्यग्र प्रतीक्षामा थिए । झोलामा किताब । हातमा चुरोट र रक्सी । बोलीमा अश्लिलता । मैले दुई घण्टा त्यहाँको दृष्य हेरी मात्र रहें । बोल्न मन थियो, सोध्न मन थियो ती किशोरीसँग धेरै कुरा । तर सकिनँ । म पूर्वीया । मेरो भाषा, संस्कार फरक थियो । शायद त्यो उमेरमा म पनि वेलगाम थिएँ तर चुरोट रक्सी कहिल्यै पिइनँ । लोग्ने मान्छे कहिल्यै विश्वास गर्न योग्य हुन्छन् लागेन । स्कुल जाने समयमा कहिल्यै बरालिइनँ । हुन सक्छ मेरो किशोरावस्था राजनीतिको दुर्गन्धले छोएको तर राजनीति के हो बुझेपछि कहिल्यै स्कुल-कलेज बङ्ग गरिनँ । ती किशोरीलाई देखेपछि म सोचाइको त्यो धरातलभित्र जकडिन पुगेछु किन यी किशोरीले जीवनलाई बैंस र पैसामा परिवर्तन गरे । यो समाजका गन्यमान्यलाई यी किशोरी स्कुल ड्रेसमा के गरिरहेका छन् खोज्न, सोध्न मन लागेन । दुई घण्टामा करिब पाँच-सात हुल आए त्यो सानो होटलमा । कोही केही समयपछि जोडामा कोठा भित्र छिरे । केही जोडामा छिल्लिएर निलर्ज्जतापूर्वक किशोरीका छातीमा हात मुसार्दै सडक पार गरिरहेका देखिन्थे । कोही पर्खिरहेका । यत्तिकैमा एउटा युपीको नम्बर प्लेट भएको कार त्यही सानो होटल अगाडि रोकियो । कारबाट एक जना अर्ध बैंसे पुरुष निस्कँदै चर्को स्वरमा बोल्यो, "साला कचरा औरत जबसे देखा तबसे कचराको पासमा बसिरहन्छ । आजा इधर ।" होटलको कुनामा बसेकी किशोरी लुसुक्क पर्दै कार छेवैमा गई । त्यो पुरुष भन्दै थियो, "आज त सुनौली पार गर्ने हो नि !" किशोरीले भनी, "म त सुनौली होइन हजुरको घर जाने हो ।" त्यो पुरुषले भन्यो, "मेरो पासमा बिवी, बच्चा छ । म लान सक्दिनँ । तँ त मेरो मनोरञ्जनको साथी मात्र होस् । तँ जत्रो त मेरो बेटी छ । बरु भन् न जान्छेस् घुम्न मुम्बाइ ?", उस्ले भनी, "नाइँ म जान्नँ । मा-पापाले मार्छन् ।" त्यो पुरुष सडक पार गर्दै भन्दै थियो, "गएपछि सधैं उतै रमाइलो गर्ने बस्ने नि किन आउनुपर्यो !" यति भनी नसक्दै उसले त्यो किशोरीको ओठ टोक्न भ्याइसकेको थियो । केहीछिन मै लठारिँदै त्यही सानो होटलको भित्र कोठामा छिरिसकेका थिए त्यो जोडी । वरिपरि तारे होटल । होटलमा चलाइएका स्पा, क्यासिनोको रोनक नै अलग्गै । ती रोनकबाट उत्पादन भएका बाछिटा पनि हुन सक्छन् यी कलिला बालिकाको दिनचर्या । काठमाडौं उपत्यकाका गल्ली गल्लीमा २० वर्ष अगाडिदेखि भौंतारिने म । यस्तोसम्म कुलतमा फसेका किशोरी भेटेको थिइनँ । ममा तमासको हलचल आइदियो । मन मुटु मस्तिष्कलाई आघात पारिरह्यो । छेवैमा मेरो मनोविज्ञानलाई ख्याल गर्दै बसेको मेरो साथीलाई झर्केर कराउन पुगें । बिचरा उसलाई पनि के थाहा ! पहिलो पटक त आएको । नबोली सडकतिर लाग्यो । शायद, पहिलो पटक अन्तस्करणबाटै नारीको जन्मलाई धिक्कारें । बिचरा ती अवोध किशोरीलाई के थाहा उनीहरूको यो गतिविधिले कुन मोडमा हुत्याइदिन्छ जिन्दगी । जिन्दगीको गोरेटोले जुराएका संयोगका यात्रीहरू मुलबाटोदेखि गन्तव्यतर्फ मोडिहाल्छन् । उनीहरूको भागमा पर्छ केवल कुण्ठा र तिरस्कार ! जीवन एउटा चौतारी न हो । बटुवाले शान्तसँग बसिदिए शीतलता प्रदान गर्ने मन्दिर । नत्र त कारागार । सिसाको महल । यतिकैमा एयरपोट मोडमा मान्छेका हुल जम्मा भए । कोही मुख बिगारिरहेका थिए । कोही मोबाइलले छोरी बिगार्ने भो भन्दै कराउँदै थिए । छेवैमा रगताम्मे भएर एउटी किशोरी सडक किनारमा लडिरहेकी देखिन्थी । गुप्ताङ्गबाट रगतको भेल बगिरहेको देखिन्थ्यो । धेरैलाई फुर्सद थिएन त्यो किशोरीलाई उद्दार गर्ने । अधिकांश मानिस भिडियो बनाइरहेका देखिन्थे । केही यस्ता गतिछाडा आइमाईलाई यस्तै हुनुपर्छ भन्दै कराइरहेका थिए । कुन बेला त्यो किशोरीको प्राण पखेरु उडेर गइसक्यो भिडले पत्तै पाएन, भिड त गतिछाडा आइमाई ... भन्दै कराइरहेकै थियो । *-साहित्यपोस्ट डटकम*

**धुवाँको मुस्लोले सडकलाई रगमगाइरहेको थियो एकतमासले । फुङ्ग उडेको केश । हतास जस्तो देखिने अनुहार । मध्य किशोरावस्थाकी त्यो ठिटीले होटलको र्याकबाट गोल्डेन वाक लेखिएको रक्सीको बोतल निकालेर ठाडो घाँटी लगाएर रित्याई । अर्कीले भन्दै थिई, "पुरै नतोड्न, कुछ बुँद मेरो लागि पनि जोगा । नत्र अर्को लिदे !" ऊ भन्दै थिई, "बाध्यताका जञ्जिरमा जेलिएको धेरै भयो । तर यो वेलगाम दिल उसैमा बस्यो क्यारुम् त नि म !" ती युवतीले एक एक बोतल रक्सी रित्याए ।**

# पाल्पाका सात मतदान केन्द्र महिलाको जिम्ममा




**पाल्पा,** फागुन २०/पाल्पाका सात मतदान केन्द्र महिलाको जिम्ममा छोडिएको छ । आज हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारी महिला रहेका छन् ।

यहाँको तानसेन-४स्थित त्रिभुवन बहुमुखी क्याम्पस 'ख' केन्द्र, वडा नम्वर -३ स्थित बालमन्दिर आधारभूत विद्यालय 'क' केन्द्र, अस्थायी मतदान केन्द्र कारागार कार्यालय, अस्थायी मतदान केन्द्र टुँडिखेल, रामपुर-७ स्थित आधारभुत मावि डुम्रीगाउँ 'ख', रम्भा गाउँपालिका-१, हुँगीस्थित जनकल्याण मावि हुँगी 'ख', तानसेन-८ मदनपोखरास्थित शारदा मावि 'ग', केन्द्रमा महिलाकै नेतृत्व र महिलाकै टिम खटिएको मुख्य निर्वाचन अधिकृत हरिप्रसाद शर्मा उपाध्याय पंगेनीले जानकारी दिए । बालमन्दिर 'क' केन्द्रमा जिल्ला प्रशासन कार्यालयकी अधिकृत रमा श्रेष्ठ, त्रिभुवन बहुमुखी क्याम्पस 'ख' मा तानसेन नगरपालिका शिक्षा शाखा प्रमुख कोपिला न्यौपानेलाई मतदान अधिकृतको जिम्मेवारी दिइएको छ । यस्तै कारागार अस्थायी मतदान केन्द्रमा पाल्पा जिल्ला अदालतकी नायब सुब्बा अम्बिका पाठक, टुँडिखेल अस्थायी मतदान केन्द्रमा त्रिभुवन मावि अर्गलीकी शिक्षक लक्ष्मी भण्डारी मतदान अधिकृतका रुपमा खटिएका छन् । यस्तै आधारभुत मावि डुम्रीगाउँ 'ख' मा रम्भा माविकी शिक्षक मञ्जु कोइराला, जनकल्याण मावि हुँगी 'ख' केन्द्रमा भानुभक्त माविकी शिक्षक कविता पन्त, शारदा मावि 'ग' केन्द्रमा सिद्धी मावि आर्यभन्ज्याङ्गकी मावि शिक्षक ममता ज्ञवालीलाई मतदान अधिकृतको जिम्मेवारी दिइएको छ । यी केन्द्रहरुमा निर्वाचन प्रहरी र सुरक्षाकर्मी पनि महिला नै खटाइएको छ । मतदान अधिकृत रमा श्रेष्ठले महिला कर्मचारी मात्र खटिएको मतदान केन्द्रमा काम गर्न पाउँदा गर्व र उत्साह महसुस भएको बताइन् । उनले भनिन्, "हामी निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गर्नेछौँ ।" महिला सहभागिता र नेतृत्वलाई प्रोत्साहन गर्ने उद्देश्यले उक्त केन्द्रलाई महिलामैत्री बनाइएको मुख्य निर्वाचन अधिकृत पंगेनीले बताए । दुई निर्वाचन क्षेत्र रहेको पाल्पाका स्थायी २ सय ५१ र दुई अस्थायी गरी २ सय ५३ मतदान केन्द्रमा निर्वाचन सम्पन्न गर्न २ हजार बढी कर्मचारी खटिएका छन् । ती केन्द्रमा १ हजार ५ सय बढी कर्मचारी खटाइएको छ भने ५ सय बढी स्वयंसेवक मतदान केन्द्रमा खटिएको मुख्य निर्वाचन कार्यालयले जनाएको छ । प्रत्येक केन्द्रमा मतदान अधिकृत एक, सहायक मतदान अधिकृत एक, सहायक कर्मचारी तीन र एक जना सहयोगी खटाइएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

# निर्वाचन शान्तिपूर्ण...

...त्यस्तै भारत महाराजगञ्ज जिल्लाका प्रमुख अधिकारी (डिएम) सन्तोषकुमार शर्मा र भारतीय प्रहरीका एसपी सोमेन्द्र मीना सहभागी थिए । निर्वाचनको समयमा सीमानाका बन्द गर्ने र त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा दुवै पक्षबीच छलफल भएको प्रजिअ पोखरेलले जानकारी दिए । निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गर्ने कार्यमा सघाउन भारतीय पक्षले समेत चासो देखाएको उनले बताए । निर्वाचनलाई मध्यनजर गर्दै भारतसँग जोडिएका रुपन्देहीका सम्पूर्ण सीमानाकाहरू यही फागनु १८ गते सोमबार राति १२:०० बजेदेखि ७२ घण्टाका लागि बन्द गरिएका छन् । निर्वाचनको दिन मतदान सम्पन्न नभएसम्मका लागि सबै सीमानाका बन्द गरिएको प्रशासनले जनाएको छ । प्रजिअ पोखरेलका अनुसार मालवाहक सवारीसाधन र पर्यटक सवार सवारीसाधनसहित आवागमन हुने रुपन्देहीको मुख्य बेलहिया र साना सवारीसाधन आवतजावत गर्ने लुम्बिनी-कक्रहवालगायत सम्पूर्ण सीमानाका बन्द गरिएका हुन् । नाका बन्द गरेर कडाइ गरेपछि सीमा क्षेत्र सुनसान बनेका छन् । दैनिक हजारौँ यात्रु र सयौँ सवारीसाधन ओहोरदोहोर गर्ने रुपन्देहीका सबै नाका सुनसान भएका स्थानीय बताउँछन् । सीमा बन्द गरिएको अवधिमा ग्यास बुलेट र पेट्रोलियम पदार्थ बोकेका सवारीसाधन, एम्बुलेन्स र नेपाल भ्रमणमा आएका तेस्रो मुलुकका पर्यटकबाहेक अन्य सामानको ढुवानी तथा आवागमनमा रोक लगाइएको प्रजिअ पोखरेलले जानकारी दिए ।

**मत गणनास्थलमा तार जाली**

मत गणनास्थललाई सुरक्षित बनाउन रुपन्देहीका सबै मतगणनास्थललाई तार जालीले घेरिएको छ । प्रतिनिधिसभा निर्वाचनको मत गणनास्थल सुरक्षित गर्न रुपन्देहीका पाँचवटै निर्वाचन क्षेत्रका गणनास्थलमा १० फिट अग्लो तार जालीले घेरिएको छ । रुपन्देहीका मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतका अनुसार सुरक्षा चुनौतीलाई मध्यनजर गरी मतगणनालाई व्यवस्थित गर्न लागिएको हो । रुपन्देहीको निर्वाचन क्षेत्र नं १ मादेवदह आदर्श बहुमुखी क्याम्पस सित्तलनगर, क्षेत्र नं २ मा बुटवल उपमहानगरपालिका-११ को कार्यालय देवीनगर, क्षेत्र नं ३ भैरहवास्थित भैरहवा नमूना माध्यमिक विद्यालय, क्षेत्र नं ४ मा कोटहीमाई गाउँपालिकाको कार्यालयको सभा हल र क्षेत्र नं ५ मा गैडहवा गाउँपालिका कार्यालयलाई मतगणना स्थल तोकिएको छ । मुख्य निर्वाचन अधिकृत बस्नेतका अनुसार विद्युत् आपूर्ति सहज बनाउन तार जालीको अगाडि जोडिएको बत्ती चार्ज हुने किसिमको जडान गरिएको छ । मतगणना परिसरमा सिसीटिभी क्यामरा पनि जडान गरिएको छ । मतगणनाको क्रममा मतगणनामा खटिएका कर्मचारी, सुरक्षाकर्मीबाहेक अरू कसैलाई तार जालीभित्र जान नपाउने र उम्मेदवारका प्रतिनिधि तथा अन्य सरोकारवालालाई तार जाली बाहिरबाट हेर्न दिइने व्यवस्था मिलाइएको प्रमुख निर्वाचन अधिकृत बस्नेतले जानकारी दिए । ***---रासस***

## खेलकुद समाचार

# एशियाली खेलहरू अनिश्चितकालका लागि स्थगित




**काठमाडौं,** फागुन २०/मध्यपूर्वमा हुने एशियाली च्याम्पियन्स लिगका थप खेलहरू अनिश्चितकालका लागि स्थगित भएका छन् । मध्यपूर्वमा तनावका कारण एशियाली प्रतियोगिताहरूमा अर्को हप्ताका खेलहरू अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको एशियाली फुटबल महासैं (एएफसी) ले भनेको छ । अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणले खाडी क्षेत्रका देशहरूलाई असर गरेको छ जसले गर्दा विश्वका केही व्यस्त ट्रान्जिट हबहरूमा यात्रा अवरुद्ध भएको छ र धेरै खेलकुद कार्यक्रमहरू रद्द भएका छन् । अर्को हप्ता हुने तय भएको एशियन च्याम्पियन्स लिग एलिट, च्याम्पियन्स लिग-टू र तेस्रो-स्तरीय च्यालेन्ज लिगमा पश्चिमी क्षेत्रका खेलहरू स्थगित गरिएको एएफसीले विज्ञप्तिमा जनाएको छ । खेलाडी, टोली, अधिकारी, साझेदार र प्रशंसक लगायत सबै सरोकारवालाहरूका लागि सुरक्षित वातावरण सुनिश्चित गर्ने आफ्नो प्रतिबद्धतामा अडिग रहेको एएफसीको भनाइ छ ।

## अर्थ/कर्पोरेट समाचार

# ८ महिना बित्न लाग्दा पूँजीगत बजेटको २० प्रतिशत पनि खर्च भएन




**पाल्पा,** फागुन २०/चालू आर्थिक वर्ष २०८२/८३ को आठ महिना बित्न लाग्दा पनि यस वर्ष छुट्याइएको पूँजीगत बजेटमध्येबाट २० प्रतिशत पनि खर्च हुन सकेको छैन । सरकारले चालू आर्थिक वर्षका लागि ४ खर्ब ७ अर्ब रुपैयाँ बराबर विकासका लागि बजेट छुट्टाएको थियो ।

महालेखा नियन्त्रक कार्यालयकाअनुसार पूँजीगत शीर्षकमा छुट्टाइएको बजेटमध्येबाट फागुन १७ गते सम्ममा ७५ अर्ब ८३ करोड ४३ लाख रुपैयाँ मात्रै खर्च भएको छ । यो खर्च सम्बन्धित शीर्षकमा १८ दशमलव ५९ प्रतिशत मात्रै हो । सरकारले चालू आर्थिक वर्षको आठ महिना बित्न लाग्दा समेत १ खर्ब रुपैयाँ पनि विकास बजेट खर्च गर्न नसकेको यो तथ्याङ्कले देखाएको छ । निर्माणको गति अघि नबढेका कारण अहिले पूँजीगत खर्च हुन नसकेको नेपाल निर्माण व्यवसायी महासैका अध्यक्ष रवि सिंहले बताए । उनकाअनुसार काम गर्ने समयमा सरकारले ठेक्का तोडेका कारण कामहरू प्रभावित भए भने अहिले मुख्यगरी काम नहुनुको कारण आर्थिकदेखि मजदुर अभाव रहेको छ ।

अर्थतन्त्र चलायमान नहुँदा निर्माणसँगै धेरै क्षेत्रहरू प्रभावित भइरहेको अध्यक्ष सिंहको भनाइ छ । उनकाअनुसार निर्माण क्षेत्र चलायमान हुने हो भने अरू धेरै क्षेत्रहरूमा गतिविधिहरू बढ्नेछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई